भीमफेदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

: info@bhimphedimun.gov.np
: bhimphedi.rm@gmail.com
: www.bhimphedimun.gov.np

पत्र संख्या : २०८३।०८४

चलानी नं : ४०

मिति : २०८३/०४/११

**विषयः- ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको मौज्दात विवरण पेश गर्ने सम्बन्धी सूचना ।**

उपर्युक्त विषयमा यस कार्यालयको च.नं.२६१८, मिति २०८३/०३/३० गतेको पत्रमार्फत सूचना प्रकाशन गरिएको व्यहोरा अवगतै छ । सो सम्बन्धमा भीमफेदी गाउँपालिका क्षेत्र भित्र रहेका नदीजन्य पदार्थ प्रशोधन तथा विक्री गर्ने क्रसर उद्योग तथा फर्म/सप्लायर्सहरुले ढुङ्गा, गिट्टी बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ११ को उपदफा (७) बमोजिम असार मसान्त भित्र नदीजन्य पदार्थको मौज्दात सम्बन्धी विवरण बुझाउनु पर्ने व्यवस्था भएको हुँदा मिति २०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्त सम्म ढुङ्गा, गिट्टी, बालुवा, चिप्स, ग्रावेल जस्ता नदीजन्य पदार्थको खरिद विक्री तथा स्टक सम्बन्धी विवरण २०८३ आषाढ मसान्त भित्र देहायको ढाँचामा विवरण हालसम्म यस कार्यालयमा पेश नगरेको हुँदा सम्पूर्ण उद्योगहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित भएको मितिले तिन (३) दिन भित्र विवरण उपलब्ध गराउन सूचित गरिन्छ । साथै सो अवधि भित्र तोकिएको विवरण उपलब्ध नगराउने उद्योगहरुलाई ढुङ्गा, गिट्टी बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम कारवाही भै जाने व्यहोरा समेत सूचित गरिन्छ ।

**देहायः-**

| सि.नं. | २०८१/८२ को अन्तिम मौज्दात | २०८२/८३ मा भएको खरिद विवरण | | | जम्मा मौज्दात परिमाण | वार्षिक विक्री परिमाण | बाँकी परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | यस पालिका | अन्य पालिका | अन्यत्र | | | | |
| १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ७ | ८(६-७) | ९ |
| | | | | | | | | |

४।११

चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत